प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन नं.: ०८३-५२४०६३
०८३-५२११३९
फ्याक्स : ०८३-५२११३९
इमेलः mopidskt@gmail.com

प.सं.:०७५/०७६
च.नं.: 628

मितिः २०७५/१०/१७

विषयः संघीय आयोजनाहरु हस्तान्तरण बारे।

श्री खानेपानी तथा सरसफाइ डिभिजन/सब-डिभिजन कार्यालय,
सुर्खेत/दैलेख/सल्यान/रुकुम पश्चिम/जाजरकोट/
जुम्ला/हुम्ला/मुगु/डोल्पा/कालिकोट।

O/C

प्रस्तुत विषयमा खानेपानी तथा ढल व्यवस्थापन विभाग, पानीपोखरी काठमाण्डौंको प.सं. यो.शा. ०७५/०७६, च.नं. १०५, मिति २०७५/०९/११ को खानेपानी तथा सरसफाइ डिभिजन/सब-डिभिजन/क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय साविक ७५ जिल्लालाई लेखी यस मन्त्रालयलाई बोधार्थ दिएको पत्र प्राप्त भएकोछ। व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई सोही अनुसार गर्नु गराउनुहुन प्राप्त पत्रको छाँयाकपि यसै साथ संलग्न राखी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

.......................
लोक प्रसाद पौड्याल
शाखा अधिकृत
शाखा अधिकृत

**बोधार्थ**

श्री खानेपानी तथा ढल व्यवस्थापन विभाग, पानीपोखरी, काठमाण्डौ।
श्री खानेपानी तथा ढल व्यवस्थापन आयोजना, सुर्खेत/जुम्ला।
श्री खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, कर्णाली प्रदेश, सुर्खेत/जुम्ला/रुकुम पश्चिम।

नेपाल सरकार
खानेपानी मन्त्रालय
# खानेपानी तथा ढल व्यवस्थापन विभाग
पानीपोखरी, काठमाण्डौं

फोन नं. : ४४१३६७०
४४१३७४४
४४१४५३९
४४१८२५३
४४४४४३३
फ्याक्स नं. : ४४१९८०२

पत्र संख्या : ०७५/७६
चलानी नं. : ९०५

पानीपोखरी, काठमाण्डौं
मितिः २०७५।०९।११

विषयः- संघीय आयोजनाहरु हस्तान्तरण बारे ।

श्री खानेपानी तथा सरसफाइ डिभिजन/सव-डिभिजन/क्षेत्रिय अनुगमन तथा सुपरिवेक्षण कार्यालय
(साबिकको ७५ जिल्ला)

नेपाल सरकार खानेपानी मन्त्रालय अन्तर्गत आ.व. २०७४।७५ सम्म कायम रहेका विभिन्न ७५ जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन/सव-डिभिजन/क्षेत्रीय कार्यालयहरुबाट संचालन भैरहेको र यस आ.व.देखी प्रदेशस्तरमा संचालन हुने कार्यक्रमहरु सम्बन्धीत भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका निकायहरुमा हस्तान्तरण हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।०८।१८ को निर्णय अनुसार तत् तत् जिल्लाहरुमा हस्तान्तरण गर्नको लागी सम्बन्धीत प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा यस विभागको मिति २०७५।०८।२० बाट पत्राचार भै सकेको छ ।

साथै नेपाल सरकारको मिति २०७५।०८।२४ (मन्त्रीपरिषद्)बाट संघीयस्तरमा संचालन हुने आयोजना/कार्यक्रमहरुको लागी नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत विभिन्न १५ वटा आयोजना कार्यालयहरु स्वीकृत भै कार्यालय स्थापना भैसकेको अवस्था छ । साबिकको खानेपानी तथा सरसफाइ डिभिजन/सव-डिभिजन/क्षेत्रिय अनुगमन तथा सुपरिवेक्षण कार्यालयहरुबाट संचालन भएका यस आ.व. देखी संघीय सरकारबाट कार्यान्वयन हुने विभिन्न आयोजना/कार्यक्रमहरु तथा यससंग सम्बन्धीत जिन्सी समेत संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरुमा हस्तान्तरण हुनको लागी नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।०९।०९ को निर्णय भएकोले तत् तत् जिल्लाहरुमा रहेका संलग्न सूची अन्तर्गतका आयोजनाहरुको लागत अनुमान किताब, नापी किताब, आयोजनासंग सम्बन्धीत सम्झौता फाइलहरु लगायत लेखासंग सम्बन्धीत सम्पूर्ण श्रेस्ता, जिन्सी सामाग्रीहरु (मौज्दात पाइप, फिटिङ्गस, टूल्स) लगायत आयोजनाको नाममा रहेको सम्पूर्ण भौतिक जिन्सी सामानहरु, ठेक्का पट्टा फाइलहरु र यससंग सम्बन्धीत सबै विवरणहरु र दायित्वहरु, उपभोक्ता समितिको विवरण, सम्झौता लगायत सम्पूर्ण जिम्मेवारीहरु स्थापना भएका संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनालाई नियमानुसार हस्तान्तरण गर्न खानेपानी मन्त्रालयबाट कार्यान्वयनको लागी लेखी आएकोले माथी उल्लेख भए अनुसार आयोजनाहरु हस्तान्तरण गर्न हुन जानकारी गराइन्छ ।

बोधार्थ :

१. श्री खानेपानी मन्त्रालय, सिंहदरबार : जानकारीको लागी अनुरोध ।

२. श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, (७ वटै प्रदेश) : समन्वय तथा सहयोगको लागी अनुरोध ।

३. श्री खानेपानी तथा ढल व्यवस्थापन आयोजना (इलाम, बिराटनगर, खोटाङ, जनकपुर, हेटौंडा, चितवन, रामेछाप, पोखरा, लमजुङ, बुटवल, अर्घाखाँची, सुर्खेत, जुम्ला, धनगढी, कंचनपुर) : संलग्न लिष्ट अनुसारको आयोजनाहरु बुझिलिनु हुन ।

३. श्री खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय (२८ डिभिजन), (पाँचथर, झापा, धनकुटा, सुनसरी, ओखलढुङ्गा, सप्तरी, महोत्तरी, सर्लाही, बारा, रामेछाप, सिन्धुपाल्चोक, धादिङ, भक्तपुर, मकवानपुर, स्याङजा, तनहुँ, गोर्खा, बागलुङ, रुपन्देही, पाल्पा, प्यूठान, दाङ, जुम्ला, सुर्खेत, रुकुम पश्चिम, कैलाली, डोटी, बैतडी) : आयोजना हस्तान्तरणमा सहयोग गर्न हुन ।

४. विभाग अन्तर्गत सबै शाखाहरु : जानकारीको लागी ।

(सुनिल कुमार दास)
महानिर्देशक

सुनिल कुमार दास
महानिर्देशक

दर्ता नं.: ९९९६
दर्ता मिति: